मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल ।

प.सं.:
च.नं.:

## ईद-उल फित्र (ईद) को शुभकामना

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं भौगोलिक विविधतायुक्त विशेषता भएको हाम्रो मुलुक संविधानतः धर्म निरपेक्ष राज्य भए पनि धार्मिक सहिष्णुता अनुकरणीय छ । यो र यस्तै धार्मिक एवं सांस्कृतिक चाडपर्वले सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता कायम राखी राष्ट्रिय एकतालाई अझै मजबुत बनाउन महत्वपूर्ण योगदान दिएका छन् ।

अरबी पात्रो हिजरी संवतअनुसार दसौं महिना (सौवाल) को पहिलो दिन इस्लाम समुदायले नमाज पाठ गरी ठूलाबडाबाट आशीर्वाद लिएर ईद-उल फित्र (ईद) पर्व मनाउने चलन छ । १ महिना (रमजान) भर बिहान सूर्योदयअघि र बेलुकी सूर्यास्तपछि मात्र भोजन ग्रहण गर्ने यो पर्वको आफ्नै विशेषता छ । आफूभन्दा कमजोर आर्थिक अवस्था भएकालाई दान गर्नु यो पर्वको मुख्य विशेषता हो ।

यो पर्वले पनि विविध धर्म, संस्कृति मान्ने सबै नेपालीबीच भातृत्व, प्रेम र एकताको भावना बढाइ समुन्नत, शान्त र समृद्ध मुलुक बनाउन सबैमा प्रेरणा प्रदान गरोस् भनी देश तथा विदेशमा रहनुभएका नेपाली मुस्लिम समुदायका साथै सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाइमा ईद-उल फित्र (ईद) को उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८० चैत २९ गते विहिबार ।

.............................
खगराज अधिकारी
मुख्यमन्त्री